पाटन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

पाटन, बैतडी

बार्षिक नीति तथा कार्यक्रम

आ.व.०८०।०८१

मिति २०८०।०३।१० गते नगरसभामा पाटन नगरपालिकाका नगर प्रमुख गौरी सिंह रावलज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम

नगर प्रमुख

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात पाटन नगरपालिकाको दोस्रो जन निर्वाचित सरकारको तेस्रो गरिमामय नगर सभामा उपस्थित पाटन नगरपालिकाका उपप्रमुखज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

नगर सभाका सदस्यज्यूहरु,

उपस्थित राष्ट्रसेवक कर्मचारीहरु,

सञ्चारकर्मी मित्रहरु,

यस पाटन नगरपालिकाको दोस्रो जननिर्वाचित कार्यकालको तेस्रो नगरसभा अधिवेशनको पहिलो बैठकमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु । पाटन नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ |

सर्वप्रथम, नेपाली जनतालाई राजनीतिक स्वतन्त्रता र अधिकार दिलाउदैं मुलुकलाई आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा ल्याइ पुर्याउने क्रममा विभिन्न कालखण्डका सशस्त्र जनयुद्ध र जनआन्दोलनमा आफ्नो जीवनको आहुति दिनु हुने शहिदहरु, हाम्रो बैतडी जिल्लाका अमर शहीद दशरथ चन्द लगायत हजारौं ज्ञात अज्ञात वीर शहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।संघर्षको दौरानमा घाइते, अपांग र बेपत्ता पारिएका वीर योद्धा तथा पिडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । साथै नेपाली समाजलाई अग्रगामी परिवर्तनको मार्गमा ल्याउन विविध क्षेत्रबाट योगदान पुर्याउन हुने आदरणीय अग्रज नेतृत्वहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यस पाटन नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गरीमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला बैतडीको सुन्दर नगरी पाटन नगरपालिकाको स्थापना वि.सं.२०७१ मंसिर १६ गते भएको हो ।साविकका ९ वटा गाविसहरु पाटन, भूमेश्वर,

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

गुजर, बसन्तपुर, कैलपाल, सकार, सिलंगा, सिद्धपुर र सिद्धेश्वरको समायोजनबाट बनेको यस नगरपालिकाको क्षेत्रफल २१९.२५ वर्ग किलोमिटर कायम भएको छ। प्रशासनिक रुपमा १० वटा वडामा विभाजित यस पालिकाभित्र विभिन्न धार्मिक, पुरातात्विक एवं पर्यटकीय स्थलहरु रहेका छन् । साथै परम्परा देखि चल्दै आएका विभिन्न चाडपर्व, जात्रा, मेला मनाउने प्रचलन रही आएको छ । मध्यपहाडी लोकमार्गमा पर्ने यो पाटन नगरपालिका नेपाल सरकारबाट छनोट भएका १० वटा नमुना शहर मध्येको एक नमुना शहर हो ।यस क्षेत्रमा विविधतायुक्त हावापानीका कारण विविध किसिमको कृषि तथा पशु उपज उत्पादन हुने प्रचुर सम्भावना रहेको छ ।

अब म यस पाटन नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि नगरकार्यपालिका बाट पारित भई आएको नीति तथा कार्यक्रम यस गरिमामय नगर सभामा पेश गर्दछु ।

**१. आर्थिक विकास क्षेत्र तर्फः**

**क)**कृषि तथा पशुः

- कृषि विकास रणनीति तथा कृषि पार्श्वचित्र तयारीको काम अगाडी बढाईने छ ।
- यस नगरपालिकाको विविधतापूर्ण हावापानी अनुसार बाली उत्पादन पकेट क्षेत्रको पहिचान गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।
- कृषक सुचीकरण कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । किसान वर्गीकरण गरी अनुदान परिचालन गरिने छ ।
- अनुदानलाई उत्पादनमा आधारित बनाइने छ । अनुदानको दुरुपयोग गर्ने व्यक्ति वा संस्थालाई कानूनको दायरामा ल्याई कारबाही गरिनेछ ।
- कृषकहरुको क्षमता अभिवृद्धि गर्न र कृषि विकास तथा प्रसार कार्यक्रमलाई थप प्रभावकारी बनाउन कृषि समूह तथा सहकारीलाई स्थलगत तालिम सञ्चालन गरिने छ ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- कृषकसंग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गर्न कृषि प्राविधिकहरुलाई कृषि स्वयंसेवकको रुपमा परिचालन गर्न आवश्यक पहल गरिनेछ ।
- कृषि यान्त्रीकरणमा ५० प्रतिशत अनुदान प्रदान गरिने कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।
- साना सिँचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषकले उत्पादन गरेको फसल बजारीकरण गर्न आवश्यक सहजीकरण गरी कृषकलाई बजारको पहुँचमा पुर्याउन पहल गरिने छ ।
- माटो सुहाउदो खेती सिफारिस गर्न माटो परीक्षण प्रयोगशाला शिविर सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- आम जनतालाई कृषि प्राविधिक सल्लाह दिन स्थानीय रेडियो मार्फत कृषि कार्यक्रम सञ्चालन गरिने छ ।
- पाटन नगरपालिका वडा नं. ०८ मा निर्माणाधिन शीत भण्डार गृहको निर्माण छिटो सम्पन्न गराउन नयाँ शहर आयोजना कार्यालयसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- दैनिक उपभोग्य तरकारीमा हुने खर्च कम गर्नुका साथै स्वस्थ तथा प्राङ्गारिक तरकारीको उपभोग गरी पोषण तथा खाद्य सुरक्षा सुनिश्चित गर्न एक घर एक करेसावारी कार्यक्रम अन्तर्गत केही वडाहरुमा नमुना करेसावारी स्थापना गर्न पहल गरिने छ ।
- कृषकहरुलाई रासायनिक मलको अभाव हुन नदिन प्रत्येक वडामा एक एक वटा कृषि सहकारी संस्थाहरुलाई रासायनिक मलको कारोवार गर्न प्रोत्साहित गरिने छ ।
- कृषिमा प्राकृतिक प्रकोपबाट हुने नोक्सानी तथा जोखिम कम गर्न कृषि बिमा गराउनका लागि कृषकहरुलाई कृषि बिमा गर्न प्रोत्साहित गरिने छ ।
- कृषिमा आधारित अर्थतन्त्रलाई थप मजवुत बनाउन तथा पशुपालन, दुग्ध उत्पादन, मासु तथा अण्डा उत्पादन गरी ग्रामीण अर्थतन्त्रलाई मजवुत बनाउँदै पशुपालन



पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

व्यवसायलाई सम्मानजनक र नाफामुखी व्यवसायका रुपमा विकास गर्न कार्यक्रम तर्जुमा गरी लागू गरिने छ ।

- विश्वव्यापी रुपमा देखा पर्ने लम्पी स्किन, खोरेत रोग जस्ता पशु रोगहरु तथा महामारीबाट हुने नोक्सानी लाई न्यूनीकरण गर्न प्राविधिक जनशक्तिको परिचालन गर्दै घुम्ती शिविरहरु सञ्चालन गरिने छ ।
- वन्यजन्तुको क्षति न्यूनीकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

**ख) प्रधानमन्त्री रोजगार कार्यक्रमः**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी वनाउन नगरपालिकाका कार्यक्रमहरु सँग साझेदारी गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।
- यस कार्यक्रमको ई.एम.आई.एस. मा सुचीकृत भई स्वीकृत गरिएका कामदारहरुलाई मात्र आयोजनाहरुमा सहभागी गराईने व्यवस्था कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारीका लागि बिदेश जान चाहने व्यक्तिहरुले अनलाईन निवेदन भर्ने कार्यलाई सहज एवं प्रभावकारी बनाइनेछ ।

**ग) लघु उद्यम विकास तर्फ**

- लघु उद्यम विकास कार्यक्रमलाई निरन्तता दिईनेछ ।
- सुधारिएको चुलो, पानी घट्ट बिपन्न घर परिवारलाई सौर्य बत्ती अनुदानमा उपलव्ध गराईनेछ ।
- सीपयुक्त जनशक्तिलाई पालिका स्तर भित्रै उपयोगमा ल्याउन आवश्यक व्यवस्था गरिने छ ।
- सीपयुक्त जनशक्तिलाई बजारको माग र आपूर्तिसँग जोडेर बेरोजगारी समस्या न्यूनीकरण गरिनेछ।

**२. सामाजिक विकास तर्फः**

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

क) शिक्षाः

- सामुदायिक बिद्यालयहरुको शैक्षिक सुधारमा पालिकाको ध्यान केन्द्रित गरिनेछ ।
- गुणस्तरीय शिक्षामा जोड दिनका लागि नगर स्वंयमसेवक शिक्षकहरु तथा बालबिकासमा कार्यरत शिक्षक शिक्षिकाहरुलाई अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा छात्राहरुको नियमित उपस्थिति गराउन, स्वच्छ र सफा विद्यालय राख्नका लागि निशुल्क सेनेटरी प्याड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- "विद्यालय स्तरीय स्वास्थ्य सेवा कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।
- प्रविधि मैत्री शिक्षामा जोड दिई प्रत्येक माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवालाई थप प्रभावकारी बनाईनेछ ।
- सामुदायिक विद्यालयहरुको खानेपानी सरसफाई तथा स्वच्छताको अवस्थामा सुधार गरिनेछ ।
- आवश्यकता अनुसार वैकल्पिक शिक्षण विधिबाट पठन पाठन गरी शिक्षाको गुणस्तर सुधार गर्न पहल गरिनेछ ।
- गुणस्तरीय शिक्षाको लागि विषयगत तालिम, कार्यशाला, गोष्ठी आदिका माध्यमवाट विद्यालयका सरोकारवाला, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु तथा अभिभावकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि विज्ञ शिक्षकहरुको समूह बनाइ शिक्षकहरुको कक्षाकोठा अवलोकन तथा नमूना पाठ प्रदर्शनको व्यवस्था मिलाइने छ ।
- विद्यालयको अनुगमन तथा निरीक्षण नियमित रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्नको लागि नगरस्तरीय शैक्षिक अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयमा आवश्यक भौतिक पुर्वाधार निर्माणको व्यवस्था मिलाइने छ ।
- विद्यालयको दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोड्नको लागि विद्यालयहरुसँग समन्वय गरिनेछ ।
- विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छतामा सुधार गरी क्रमशः विद्यालयहरुलाई सरसफाईमा नमूना तिन तारे विद्यालय घोषणा गर्न पहल गरिने छ ।
- शिक्षालाई सीप, सीपलाई रोजगारी र रोजगारीलाई बजारसँग जोड्नको लागि सीपमूलक शिक्षामा विशेष जोड दिइने छ ।
- विद्यालय-विद्यालय, शिक्षक-शिक्षक र विद्यार्थी- विद्यार्थीबीचको प्रतिस्पर्धालाई प्रवर्द्धन गरी समग्र शैक्षिक गुणस्तरमा सुधार गर्न नगरस्तरीय प्रतिस्पर्धात्मक कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिनेछ ।
- वार्षिक रुपमा उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई थप प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- नगरस्तरीय आधारभूत तह उत्तिर्ण परीक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- टुहुरा र जेहेन्दार विद्यार्थी तथा शहिद, वेपत्ता तथा घाइते परिवारका छोराछोरीहरुलाई वार्षिक एकमुष्ट रुपमा स्टेसनरी तथा छात्रवृत्ती दिइने छ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापक संग कार्य सम्पादन करार सम्झौता अनिवार्य रुपमा गर्न लगाई उत्कृष्ट कार्य गर्नेलाई पुरुस्कृत गरिने व्यवस्था मिलाईने छ ।
- विद्यालयमा गरेको लगानीलाई प्रतिफलयुक्त तुल्याउन तथा संघीय सरकारबाट स्थानीय तहलाई प्राप्त हुने स्थानीय तहहरुको कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदान वृद्धि गर्न विद्यालय शिक्षासँग सम्बन्धित सूचकहरुमा सुधार गरिने छ ।



पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन विज्ञान प्रयोगशाला, ICT Lab जस्ता पूर्वाधार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाका शिक्षा सम्बन्धी कानूनहरुलाई संघीय र प्रदेश कानूनसँग नबाझिने गरी संशोधन गरी कार्यान्वयन गरिनेछ ।

ख) **स्वास्थ्यः**

- सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय गर्दै **स्वस्थ नागरिक समृद्ध पाटन** भन्ने मूल नाराका साथ स्वास्थ्य नीति तयार गरी मातृशिशु तथा बाल स्वास्थ्य सेवामा सुधार, महामारी, सर्ने तथा नसर्ने रोगहरु नियन्त्रण, स्वास्थ्य प्रवर्द्धन लगायतका कार्यक्रममा जोड दिई तोकिएका राष्ट्रिय लक्ष्यहरु हासिल गर्न जोड दिइनेछ ।
- किशोर किशोरी मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै तोकिएका मापदण्ड पुरा गरी प्रमाणीकरणमा जोड दिनका साथै दश वटै वडामा रहेका स्वास्थ्य संस्थाबाट परिवार नियोजनका ५ वटै साधनहरुको उपलब्धताको सुनिश्चितता गरिने छ ।
- स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारका भवन, औजार र आवश्यक उपकरण सहित नियमित औषधी आपुर्ती गर्न आवश्यक व्यबस्था गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र पाटनको स्तरोन्नती गरी सेवा सुविधाहरु थप गर्दै लगिनेछ ।
- पूर्ण खोप पालिका सुनिश्चिततालाई निरन्तरता दिँदै पोषण मैत्री स्वास्थ्य संस्था र वडा घोषणा गर्न आवश्यक कार्यहरु गरिने छ ।
- सबै स्थास्थ्य संस्थाहरुमा ईन्टरनेट सेवालाई थप प्रभावकारी बनाई प्रतिवेदन तथा भण्डार सम्बन्धी कार्यहरु अनलाईन मार्फत गरिने छ ।
- चिकित्सकीय तथा प्रयोगशाला सेवा र गर्भवती महिलाहरुका लागि ग्रामिण अल्ट्रासाउन्ड सेवा सबै वडा सम्म प्रदान गर्न स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

नगर प्रमुख

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

- एम्बुलेन्स सेवालाई जनताको पहुँचसम्म पुर्याउन सिद्धेश्वर स्वास्थ्य चौकी मार्फत सेवा थप गरी सञ्चालनमा ल्याइनेछ ।
- बालमैत्री, पूर्ण संस्थागत सुत्केरी, नमुना स्वास्थ्य नगरको साथै कुपोषणमुक्त नगरपालिका घोषणा गर्न आवश्यक पहल गरिने छ ।
- बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
- स्वास्थ्य बिमालाई प्रभावकारी बनाई स्वास्थ्य सेवामा सबैको पहुँच बढाउन गरिब बिपन्न वर्गहरुको लागि स्वास्थ्य बिमा कार्यक्रम अगाडी बढाईने छ ।
- महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तता दिइनेछ ।

**ग) खेलकुद तर्फका नीतिहरु:**

- नगरपालिकाले अन्य निकायसँग समेत समन्वय गरी राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता तथा नगरस्तरीय खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुको सम्मान गर्दै उनीहरुको अनुभवको भरपुर उपयोग गरिने छ ।
- प्रत्येक माध्यमिक विद्यालयमा एक जना शिक्षकलाई खेल शिक्षकको रुपमा खेलाडी उत्पादन गर्न जिम्मेवारी दिईने छ ।

**घ) महिला, दलित, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ:**

- हिंसाका घटनाहरुलाई व्यवस्थापन गर्न मनोसामाजिक परामर्श कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- लैङ्गिक हिंसा राहत कोष र महिला सुरक्षा आवास गृह सम्बन्धी व्यवस्थालाई निरन्तरता दिइने छ ।
- संघ र प्रदेश सरकारसँग समन्वय गरी हिंसामा परेका महिलाहरुको उद्दार र पुनस्थापनाका लागि सेफ हाउस निर्माण तथा सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा एवं घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार वालवालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको



नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बैतडी

आधारमा महिला र वालवालिकाको संरक्षण, बचाउ, विकास र सभागितामा जोड दिइनेछ ।

- महिलाको आय-आर्जनमा अभिवृद्धि गर्न उद्यमशील तथा सीपमूलक कार्यक्रम संचालन गरिने छ।
- दलित, विपन्न समुदाय तथा अपाङ्गताका लागि सीप विकास तथा क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका, टुहुरा, लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्वोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरण एवं पिडित महिलाको लागि संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई **"जेष्ठ नागरिक परिचय पत्र"** उपलब्ध गराई नेपाल सरकारबाट प्राप्त हुने सेवा, सुविधा र सहुलियत प्राप्त गर्न सहजीकरण गरिनेछ ।
- दलित, गरिब तथा विपन्न वर्गका लागि स्वास्थ्य विमा कार्यक्रम लागू गरिने छ ।
- दलित, एच.आई.भी. एड्स प्रभावित, यौनिक अल्पसंख्यक, आदिवासी जनजाती, मुक्त हलियाहरुका लागि जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिने छ ।
- छुट मुक्त हलियाको तथ्याङ्क संकलन गरी परिचयपत्र उपलब्ध गराइनेछ ।
- लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजनालाई लागत साझेदारी मार्फत निरन्तरता दिईने छ।
- अनाथ, असहाय, टुहुरा वालवालिकालाई विभिन्न संघ संस्थाहरुको साझेदारी एवं नगरपालिकाको तर्फवाट शैक्षिक कार्यक्रम तथा छात्रवृत्ति उपलब्ध गराउन पहल गरिने छ ।

**ङ) कला, संस्कृति र पर्यटनः**

- यस नगरपालिका अन्तरगत रहेका विभिन्न धार्मिक, पर्यटकीय, साँस्कृतिक तथा आध्यात्मिक क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्ने कार्य गरिने छ ।

नगर प्रमुख



पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- हिरापुर पार्कको निर्माण कार्य सम्पन्न गराई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक समन्वय र सहकार्य गरिने छ ।
- बनारसी बिश्वनाथ धाम, रामेश्वर धाम र पाताल भुवनेश्वर गुफा लगायतका धार्मिक पर्यटन क्षेत्र लाई विशेष प्राथमिकता दिईनेछ ।
- पाटन नगरपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरुका साथै पर्यटकीय दृष्टीकोणबाट महत्वपूर्ण रहेको घनघश्याको उकालोलाई समेत व्यापक रुपमा चिनाउन आवश्यक पहल गरिनेछ ।
- पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्रको अवलोकन गरी आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

**च) खानेपानी तथा सरसफाई:**

- प्रत्येक नगरवासीलाई शुद्ध खानेपानीमा पहुँच दिलाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नगर तथा वडा स्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ ।
- Wash Plan अनुसार खानेपानीको मर्मत, सम्भार, मुहानको संरक्षण र नयाँ निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा लाई निरन्तरता दिईनेछ ।
- नगरपालिका भित्रका होटल तथा नास्ता पसलहरुमा गुणस्तरीय तथा शुद्ध खानेपानीका लागि अनिवार्य स्वयं होटलधनीले फिल्टर वा उमालेको पानी राख्नु पर्ने नीति लाई प्रभावकारी ढंगले लागू गरिनेछ ।

**३. पूर्वाधार विकास तर्फ:**

**क) सडक, पुल, भवन तथा उर्जा**

- पालिका सदमरमुकाम देखी वडा केन्द्र सम्म सहजरुपमा चल्न सक्ने सडकहरु निर्माण तथा मर्मत सम्भार कार्य लाई निरन्तरता दिईने छ ।

नगर प्रमुख

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

- प्रशासकीय भवन नभएका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सुविधा सम्पन्न प्रशासकीय भवनहरु निर्माण गर्न पहल गरिनेछ । नगरपालिकाको निर्माणाधीन प्रशासकीय भवन लाई पूर्णता दिइनेछ ।
- नगर क्षेत्र भित्रका निर्माणाधीन सडक पुलहरु आगामि ५ बर्ष भित्र निर्माण सम्पन्न गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ । साथै नगर भित्र आवश्यक पर्ने स्थानमा झोलुंगे पुल, आरसिसि बाटा तथा पुलहरु निर्माणका लागि पहल गरिनेछ ।
- विज्ञान र प्रविधिमा पहुँच पुर्याउन वडा कार्यालय तथा सामुदायिक विद्यालयहरुमा संचार तथा ईन्टरनेट सेवालाई थप व्यवस्थापनका साथ निरन्तरता दिइनेछ ।
- यस नगरपालिकामा विद्युत विस्तार गर्न बाँकी रहेका क्षेत्रमा विद्युतीकरण गर्न पहल गरिनेछ । साथै वैकल्पिक उर्जा प्रवर्द्धन गर्न सौर्य बत्ती कार्यक्रम लागू गरिनेछ ।
- सुर्नया नदीबाट जलविद्युत उत्पादन संभावनाको अध्ययन गरिनेछ ।
- पाटन नयाँ सहर आयोजनाको Land Pooling कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिने छ ।
- पाटन नगरपालिका भित्र रहेका बृहत खानेपानी र अन्य खानेपानी योजनाहरुलाई छिटो छरितो रुपमा निर्माण कार्य सम्पन्न गर्न लगाई उपभोक्ताहरु लाई हस्तान्तरण गर्ने व्यवस्था मिलाईने छ ।
- मध्य पहाडी लोकमार्गको नयाँ सहरको रुपमा रहेको पाटन नगरपालिकालाई नमुना शहरको रुपमा विकास गर्ने नेपाल सरकारको नीतिलाई प्रभावकारी ढङ्ग बाट लागू गर्न पहल गरिने छ।
- हाल सञ्चालनमा रहेका क्रमागत, अधुरा एवं दायित्व सृजना भएका योजनाहरुलाई समयमै सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गरिने छ ।
- उपभोक्ता समितिहरुसँग आयोजना सम्झौता गर्न र भुक्तानी प्रक्रियालाई सहज बनाउन वडास्तरमा घुम्ती सेवा शिविरहरु सञ्चालन गरिनेछ ।



पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

**ख)भवन तथा शहरी विकासः**

- भवन मापदण्ड कार्यान्वयन गरी स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।
- सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ।
- पाटन बजारमा अव्यवस्थित रुपमा रहेका खोका छाप्रा लाई व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।
- निजी घर तथा सरकारी भवन निर्माण गर्दा अनिवार्य रुपमा तोकिएको मापदण्ड अनुसार नक्सापास गरी निर्माण गर्नुपर्ने कानुनी प्रावधानलाई कार्यान्वयन गरिनेछ ।
- नगरक्षेत्रमा बहुउद्देश्यीय व्यापारिक कम्प्लेक्स निर्माण गर्न Asian Development Bank, World Bank लगायतका दातृ निकाय, विकास साझेदार, संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**ग) योजना, अनुगमन तथा मुल्यांकनः**

- योजना तथा कार्यक्रमको अनुगमन, मुल्यांकन कार्यलाई थप प्रभावकारी एवं पारदर्शी बनाईनेछ।
- योजना कार्यान्वयनमा उपभोक्ता समितिको तर्फबाट जनश्रमदान बापत २० प्रतिशत रकमलाई घटाई १० प्रतिशत राख्ने नीतिगत व्यवस्था गरिने छ ।
- योजना कार्यान्वयन गर्दा सम्झौता किताबमा तोकिए अनुसारको सूचना पाटी निर्माण स्थलमा अनिवार्य रुपमा राख्न लगाउने व्यवस्था गरिने छ ।
- साना साना टुक्रे योजना भन्दा पालिकाले गौरव गर्न लायक योजना छनोटलाई प्राथमिकता दिई कार्यान्वयन गर्न पहल गरिने छ ।
- उपभोक्ता समितिबाट निर्माण गरिने योजनाहरुमा प्राविधिकको प्रतिवेदनका आधारमा बाहेक मेसिनहरुको प्रयोग गरिने कार्यलाई व्यवस्थित गरिनेछ ।

नगर प्रमुख



पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- योजनाहरुको गुणस्तरीयता कायम गर्न ल्याब टेस्ट गरिने कार्यको थालनी गर्न पहल गरिने छ।
- समयसारिणी सहितको कार्ययोजना तयार गरी वार्षिक कार्यक्रम तथा आयोजना कार्यान्वयलाई तीव्र पारिने छ । असार महिनामा मात्र खर्च हुने परिपाटीलाई क्रमशः अन्त्य गर्दै लगिनेछ ।
- आयोजनाको अनुगमनलाई सघन बनाई आयोजनाको गुणस्तर सुनिश्चित गरिनेछ ।
- काममा हेलचक्र्याई गर्ने र समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई कडा कारवाही गरिने छ ।
- आयोजना छनोट र कार्यान्वयनमा जनसहभागिता प्रवर्द्धन गर्ने कार्यलाई सशक्त बनाइने छ ।
- टुक्रे र वितरणमूखी आयोजना छनोट कार्यलाई व्यवस्थित गर्दै पालिकास्तरीय गौरवका आयोजना छनोट गरी कार्यान्वयन गर्ने कार्यको शुरुवात गरिनेछ ।
- संघ र प्रदेश सरकारका आयोजनासँग दोहोरोपना नहुने गरी आयोजना छनोट र सञ्चालन गरिने छ ।

**४. वन वातावरण तथा विपद व्यवस्थापनः**

- बाढी, पहिरो र भू-क्षय नियन्त्रण एव आइपर्ने जोखिम न्यूनीकरणका लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरपालिकाको स्थानीय बिपद तथा जलवायु उत्थानशील योजना तयार भईसकेकोले सोही अनुसार विपद न्यूनीकरणका कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्म विपद् व्यवस्थापन तथा राहत कोषलाई निरन्तरता दिइने छ ।
- बढ्दो वन विनासको नियन्त्रण र भू-संरक्षणमा जोड दिइनेछ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

- सबै किसिमका वनहरुमा बढ्दो डढेलो तथा आगलागी लाई रोकथाम एवं नियन्त्रण गर्न वन कार्यालय सँग समन्वय गरी आवश्यक जनचेतनाका कार्यक्रम लागू गरिनेछ ।
- फोहरमैला व्यवस्थापनका लागि आवश्यक कार्यविधि कानूनहरु निर्माण गरी फोहरमैलाको किसिम अनुसार तोकिएको स्थानमा बिसर्जन गर्ने व्यवस्था मिलाईने छ ।
- वन अतिक्रमणलाई नियन्त्रण गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- खाली स्थानमा वृक्षरोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

**५) संस्थागत विकास सेवा प्रवाह र सुशासनः**

- सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरीय तथा प्रभावकारी रुपमा संचालन गर्न नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- नगरपालिका भित्र सेवाग्राहीहरुलाई सहजताका लागि नागरिक वडापत्र, नागरिक सहायता कक्ष (हेल्पडेस्क) को प्रभावकारी रुपमा कार्यान्वयन तथा अनुगमन गरिने छ ।
- नगरपालिकाको दरबन्दी संरचना पुनरावोलकन गरी नगरपालिकालाई चुस्त र छरितो संगठनको रुपमा विकास गरिनेछ ।
- यस नगरपालिकामा स्थायी, अस्थायी र करारका कर्मचारीको कामको आधारमा मूल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ । कार्य सम्पादन तथा कार्य प्रगतिका आधारमा पुरुस्कृत तथा दण्डित गरिने कार्यमा जोड दिईने छ ।
- योजनाबद्ध विकासलाई चरितार्थ गर्नका लागि आवधिक योजना निर्माण गरिनेछ।
- सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिनेछ ।

- भारतमा बस्ने नेपाली कामदारहरुको दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- न्यायिक समितिका काम कारवाहीलाई थप प्रभावकारी बनाउन कानूनी परामर्श सेवालाई निरन्तरता दिईनेछ ।
- स्थानीयस्तरका विवादहरु मेलमिलापकर्ताको सहयोगमा निरुपण गर्ने व्यवस्था गरिने छ ।
- पालिका तथा वडा स्तरीय मेलमिलाप केन्द्र स्थापनाको लागि आवश्यक पहल गरिने छ ।
- लक्षित वर्गको कार्यक्रमका निम्ति सरकारी तथा गैरसरकारी संस्था सँग समन्वय गरिनेछ ।
- कर्मचारी कल्याण कोष लाई निरन्तरता दिईनेछ ।
- न्यायिक समितिको क्षमता विकासको लागी आवश्यक कार्यक्रम तय गरिनेछ ।
- राज्यको मुलधारमा नरहेका पछाडि परेका/पारिएका गरिब दलित, विपन्न तथा लक्षित वर्ग केन्द्रित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- भ्रष्ट्राचार निर्मूल गर्न शून्य सहनशीलताको नीति अपनाईने छ ।
- नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा एकीकृत घुम्ती शिविर संचालन गरी आवश्यक सेवा प्रवाह गरिनेछ ।
- नगर पालिकाले सम्पादन गरेका कार्यक्रमहरुको प्रत्येक चौमासिक अवधिमा सार्वजानिक सुनुवाई अनिवार्य रुपमा गरिने व्यवस्था मिलाईने छ ।
- पालिकाभित्रका नागरिकको जग्गा प्रशासन कार्यमा सहजीकरण गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

**६. सूचना तथा संचार प्रविधि**

- स्थानीय सामुदायिक एफ. एम तथा अन लाईन मिडियाहरु बाट जनचेतनामूलक कार्यक्रमहरु आवश्यकताको आधारमा प्रशारण गरी नागरिकलाई जानकारी गराईने छ ।

नगर प्रमुख



पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- सबै वडामा तीव्र गतिको ईन्टरनेट सेवा र विभिन्न सफ्टवेयर प्रयोग गरी कार्यालयको सेवालाई प्रत्येक वडामा विस्तार गरिनेछ ।
- वडा तथा नगरपालिकाबाट दिईने सेवा लाई छिटो छरितो ढंगले प्रदान गर्न नगर कार्यपालिकालाई सूचना प्रविधिमैत्री बनाउनका लागि थप कार्यक्रममा जोड दिईनेछ ।

**७. राजस्व तथा आन्तरिक आय:**

- राजस्व सुधार योजनालाई प्रभावकारी रुपमा लागू गरिनेछ ।
- आन्तरिक राजश्व वृद्धि गर्न राजश्वका संभाव्य क्षेत्रहरुको खोजी गरिनेछ ।
- करको दर भन्दा दायरालाई फराकिलो बनाईने छ ।
- अनुगमनलाई सघन बनाई राजश्व चुहावट नियन्त्रण गरिनेछ ।
- राजस्व संकलन कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन सूत्र प्रणालीबाट राजस्व संकलन गर्ने कार्यको थालनी गरिने छ ।
- घरजग्गा करलाई थप व्यवस्थित बनाउदै सम्पत्ति कर लागू गर्न आवश्यक पहल गरिने छ ।
- प्रत्येक नागरिकले घरबाट राजस्व दाखिला गर्नका लागि अनलाईन एप्सको शुरुवात गर्न पहल गरिने छ ।
- समयमै र सबैभन्दा धेरै कर दाखिला गर्ने करदाताको पहिचान गरी उत्कृष्ट करदाता घोषणा गरी सम्मान गरिनेछ ।

**८. आर्थिक प्रशासन:**

- चुस्त र प्रविधिमैत्री आर्थिक प्रशासनलाई निरन्तरता दिइनेछ ।
- भुक्तानी प्रक्रियालाई छिटो छरितो एवं भरपर्दो बनाउनका लागि हाल सञ्चालनमा रहेको सुत्र प्रणालीलाई निरन्तरता दिदै ई.एफ.टी. भुक्तानीलाई अनिवार्य रुपमा कार्यान्वयन गरिने छ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- बेरुजुको अवस्था बढ्दै गईरहेको सन्दर्भमा गत विगत वर्षका बेरुजु फर्छ्यौटलाई सघन रुपमा अगाडी बढाइनेछ ।
- आगामी दिनमा बेरुजु न्यूनीकरण गर्न सरोकारवाला सबैलाई जिम्मेवार बनाईने छ ।

नगरसभा सदस्यज्यूहरु,

प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरी नगरपालिकाको समग्र विकास तथा उन्नती हासिल गर्न तर्फ सबै सरोकारवालाको सहयोगी भूमिकाको अपेक्षा राखेको छु ।यस नगरपालिकाको नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग पुर्याउनु हुने नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष लगायत कार्यपालिका सदस्यहरु, विषयगत समितिहरु तथा राष्ट्रसेवक कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा रचनात्मक सल्लाह सुझाव दिनुहुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, निवर्तमान नगरप्रमुख र उपप्रमुख लगायत जनप्रतिनिधी ज्यूहरु, बुद्धिजिवी, पत्रकार, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र देश तथा विदेशमा बसेर भर्चुअल माध्यम बाट सुझाव दिनु हुने आम नगरबासीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।साथै सभ्य र अनुशासित भई नीति तथा कार्यक्रमको छलफलमा भाग लिनको लागि नगरसभा सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, पाटन नगरपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमको तर्जुमाको चरणमा जस्तै यसको कार्यान्वयन गरी अपेक्षित प्रतिफल प्राप्त गर्ने सामूहिक अभियानमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु सहित सबै कार्यपालिका सदस्यहरु, नगर सभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु एवं स्थानीय बुद्धिजीवी, विज्ञ समुदाय, संञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र देश तथा विदेशमा बसेर भर्चुअल माध्यम बाट सुझाव दिनु हुने आम नगरबासीहरु सबैको सकारात्मक साथ, सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद!

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल